## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०८/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु **प्रहलाद प्रसाद वर्णवाल, विजय अधिकारी, राजेश ठाकुर हजाम, दिव्या सर्राफ, सागर देवी फर्मा, हेटौंडा र विमलेश साह भन्ने विमलेश शाह** मु.नं (०८१-CR-००७३)<br>फैसला मिति २०८२।०४।२७ | गैरकानूनी लाभहानी पुर्याउने बद्नियतले काम गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडामा दर्ता भएको उ.द.नं.१०३३(C-३८६१९) मिति २०७९।०१।२६ गतेको "जिल्ला बारा, कलैया उपमहानगरपालिकाको कार्यालय समेतले आ.व.२०७७।७८ र २०७८।७९ को सेनिटरी प्याड खरिदमा अनियमितता गरेको भन्ने समेत" बेहोराको उजुरी निवेदन परेकोमा अनुसन्धान हुँदा प्रतिवादीहरू राजेश ठाकुर, शिक्षा अधिकृत विजय अधिकारी र प्रमुख प्रशासकीय अधिकृत प्रहलाद प्रसाद वर्णवाल, प्रतिवादी विमलेश शाह र प्रतिवादी केशरी प्रसाद साहले आ.व २०७७।७८ मा सेनिटरी प्याड खरिदमा मिलेमतो गरी सेनिटरी प्याडको अस्वभाविक मूल्य प्रति प्याकेट रु.७९.१।– (अक्षरेपी उन्नासी रुपैया एक पैसा) को लागत ईस्टिमेट तयार गरी गराई गैरकानूनी लाभ लिने दिने बदनियतले मिलेमतोलाई बोलपत्रको प्रक्रियासम्म निरन्तरता दिई प्रतिवादी विमलेश शाह प्रोप्राइटर रहेको सागर देवी फर्मा, हेटौडाबाट प्रति प्याकेट रु.७८।- (अक्षरेपी अठहत्तर रुपैया) मा खरिद बिक्री गरी प्रति प्याकेटमा रु.५४।- (अक्षरेपी चवन्न रुपैया)को दरले ९६,२८० प्याकेटमा रु.५१,९९,१२०।- (अक्षरेपी एकाउन्न लाख उनान्सय हजार एक सय बीस रुपैया) बढी मूल्यमा खरिद बिक्रीको कार्य गरी भुक्तानी दिने लिने कार्य पुष्टी भएकोले प्रतिवादी प्रहलाद प्रसाद वर्णवाल, विजय अधिकारी, राजेश ठाकुर हजाम र दिव्या सर्राफको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) | **फैसलाः**<br>प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• खरिद प्रक्रियाको क्रममा विभिन्न फर्महरूसँग दरभाउ माग गरेको, स्यानिटरी प्याड खरिद सम्बन्धी पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरेको, तथा खरिदमा भाग लिएका मध्ये सबैभन्दा कम अङ्क कबोल गर्ने सागरदेवी फर्माको बोलपत्र स्वीकृत गरेको, खरिद प्रक्रिया कानूनसम्मत् नै भए गरेको देखिएको,<br>• दाखिला भएको स्यानिटरी प्याडको गुणस्तरमा कुनै कैफियत रहेको भन्ने आरोपपत्रमा दावी गरेको नदेखिएको साथै आ.व. २०७८।०७९ मा खरिद भएका स्यानिटरी प्याडको दरभाउको आधारमा अघिल्लो आ.व. २०७७।०७८ मा खरिद भएका स्यानिटरी प्याडको दरभाउ बढी भयो भनी प्रतिवादीहरूले मिलेमतोमा अघिल्लो आर्थिक वर्षको खरिद प्रक्रियामा बढी मूल्य कायम गरे होलान् भनी अनुमान गरी कसुर ठहर गर्न मनासिव समेत नहुने,<br>• खरिद प्रक्रियाको दररेट माग्ने र लागत अनुमान नै अनियमित भएको भन्ने आरोपदाबी लिई दायर हुन आएको प्रस्तुत मुद्दामा आंशिक बिगोलाई स्वीकार गरी आंशिक बिगोतर्फ मात्र दाबी लिई आरोपदाबी गरेको हुँदा उल्लिखित आधार र कारण समेतबाट प्रतिवादीहरू उपरको आरोपदाबी पुष्टि हुन सक्ने देखिएन,<br>• कुनै पनि वस्तुको बजार मूल्य विभिन्न समयमा घटबढ हुने भन्ने कुरा बजार अर्थशास्त्रको सामान्य सिद्धान्त हो। सार्वजनिक सूचना प्रकाशन गरी सर्वसाधारण नागरिक तथा सरोकारवाला फर्म तथा कम्पनीहरूको लागि बोलपत्र आह्वान गरेर खरिदका सबै चरण अवलम्वन गरी खरिद गर्दा मिलेमतो भयो भनी अनुमानका भरमा अभियोग लगाउनु र सोही अभियोगका आधारमा कसुर ठहर गर्नु न्यायको रोहमा मिल्ने देखिँदैन। | • जिल्ला बारा, कलैया उपमहानगरपालिकाले आ.व २०७७।७८ मा सेनिटरी प्याड खरिदमा मिलेमतो गरी सेनिटरी प्याडको अस्वभाविक मूल्य प्रति प्याकेट रु.७९.१।–(अक्षरेपी उन्नासी रुपैया एक पैसा) को लागत ईस्टिमेट तयार गरी गराई गैरकानूनी लाभ लिने दिने बदनियतले मिलेमतोलाई बोलपत्रको प्रक्रियासम्म निरन्तरता दिई प्रतिवादी विमलेश शाह प्रोप्राइटर रहेको सागर देवी फर्मा, हेटौडाबाट प्रति प्याकेट रु.७८।- (अक्षरेपी अठहत्तर रुपैया) मा खरिद बिक्री गरी प्रति प्याकेटमा रु.५४।- (अक्षरेपी चवन्न रुपैया) को दरले ९६,२८० प्याकेटमा रु.५१,९९,१२०।- (अक्षरेपी एकाउन्न लाख उनान्सय हजार एक सय बीस रुपैया) बढी मूल्य भुक्तानी गरि नोक्सानी गरेको भ्रष्टाचारजन्य वारदात रहेको प्रस्तुत मुद्दामा खरिद गरिएको सेनिटरी प्याडको सम्वन्धमा विभिन्न फर्माहरुले पेस गरेको दररेट मध्ये महेश मेडिसिन डिस्ट्रिव्युटर र स्मिता इन्टरप्राइजेजले पेस गरेको दररेटको विवरण नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला, सामाखुशी, काठमाडौंको च.नं.२८८० मिति २०८१।१०।०६ गतेको पत्रानुसार फर्जि रहेको प्रमाणित भएको छ। सागर देवी फर्मा, युनिक फर्मा, महेश मेडिसिन डिष्ट्रिव्युटर्स, स्मीता इन्टरप्राइजेजसँग सम्बन्धित वोलपत्र कागजातहरुमा रहेको दस्तखत लगायतको लिखत सागर देवी फर्माका संचालक निज विमलेश शाहले नै तयार गरे गराएको तथ्य अनुसन्धानको क्रममा वैज्ञानिक प्रमाण (Scientific Evidence) बाट एकै व्यक्तिले विभिन्न फर्मको Document पेश गरेको र सोही आधारमा लागत अनुमान बढी कायम गरी स्वीकृत गरेको तथ्य प्रत्यक्ष प्रमाणबाट स्थापित भएको छ। यसैमा, प्रतिवादी विमलेश शाहले अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा "...टेण्डर मलाई पारे वापत केही पैसा कार्यालयलाई दिनु पर्ने कुरा भएको थियो र उक्त कार्य पछि मैले रकम दिएको थिए। उक्त टेण्डर मैले पाए वापत मैले उक्त कार्यको कूल रकमको भ्याट बाहेक १५% रकम त्यहीको एक स्थानीय ओम प्रकाश साहसँगै आएका उक्त कार्यालयको कर्मचारी दिपेन्द्र जीलाई (थर थहा नभएको) स्टोर किपरलाई त्यही कार्यालय नजिकको एउटा कोठामा नगद दिएको हुँ। युनिक फर्माले आ.व.२०७७।७८ मा सेनेटरी प्याड खरिदमा कलैया उपनगरपालिकालाई पेस गरेको निवेदन मैले लेखेको हो। त्यसमा रहेको हस्ताक्षर पनि मेरो हो..." भनी प्रतिवादीहरुले आपसी मिलेमतोमा खरिद गरिएको स्यानिटरी प्याडको लागत अस्वभाविक बढाएको कार्यलाई समर्थन हुने गरी बयान दिएको देखिन्छ। निजको बयानमा उल्लेख भए बमोजिम नै दिपेन्द्र यादव नाम गरेको व्यक्ति कलैया उपमहानगरपालिकाको जिन्सी शाखामा कार्यरत रहेको र सेनिटरी प्याडको ठेक्का समेत प्रतिवादी विमलेश शाह प्रोप्राइटर रहेको सागर देवी फर्मा, हेटौडाले नै पाएको देखिएको अवस्थामा आरोपित कसूर प्रत्यक्ष तवरबाट प्रमाणित भएको अवस्थामा प्रतिवादीहरुले आपसी मिलेमतोमा कसूर गरेको वस्तुनिष्ठ प्रमाणबाट स्थापित भएको देखिन्छ। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट[1] भएको मुद्दामा "**कुनै अभियोग लागेको अभियुक्तले कसुर सम्बन्धी कुरामा गरेको इन्कारी बयानलाई कुनै आधारभूत,** |

[1] झल्ला भन्ने ओशाद खाँ वि. नेपाल सरकार, ने.का.प २०७७, अंक ७, नि.नं. १०५४१

| | | | | | |
|---|---|---|---|---|---|
| | | | को देहाय (क), (ङ) र (ञ) बमोजिमको कसुरमा निज प्रतिवादीहरूलाई बिगो रु.५१,९९,१२०।- (अक्षरेपी एकाउन्न लाख उनान्सय हजार एक सय बीस रुपैया) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना सजाय गरी बिगो असुल उपर गरीपाऊँ भन्ने तथा सागर देवी फर्मा, हेटौडा तथा उक्त फर्माका प्रोप्राइटर विमलेश शाह हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ङ) र (ञ) बमोजिमको कसुरको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा बिगो रु. ५१,९९,१२०।- (अक्षरेपी एकाउन्न लाख उनान्सय हजार एक सय बीस रुपैया) कायम गरी मुख्य कसुरदारहरूलाई हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यौंश बमोजिम मुख्य कसुरदार सरह सजाय गरीपाउँ भन्ने समेतको मागदावी<br>**अदालतको फैसला**<br>• प्रतिवादीहरुलाई आरोपदावीबाट सफाई दिने ठहर गरी फैसला भएको देखिन्छ। | | **तथ्यपरक, वस्तुनिष्ठ एवम् निश्चयात्मक प्रमाणबाट समर्थित गराउनुपर्ने"** भन्ने सिद्धान्त समेत प्रतिपादन भएकोमा प्रस्तुत मुद्दामा यि प्रतिवादीहरुले इन्कारी बयानलाई कुनै आधारभूत, तथ्यपरक, वस्तुनिष्ठ एवम् निश्चयात्मक प्रमाणबाट समर्थित गराउन नसकी रहेको अवस्थामा उक्त अवस्थालाई अनदेखा गरी प्रतिवादीहरुले इन्कारी बयान गरेकै आधारमा कसुरबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ।<br>• प्रस्तुत मुद्दामा सेनिटरी प्याडको खरिद प्रकृयाको सम्वन्धमा फर्माहरुले पेस गरेको दररेट भन्दा फरक प्रति प्याकेट भ्याट बाहेक रु.७०।- (अक्षरेपी सत्तरी) र भ्याट सहित रु.७९.१।- (अक्षरेपी उन्नासी रुपैया एक पैसा) मूल्य कायम गरी लागत अनुमान तयार गरी स्वीकृत गरे गराएको देखिन्छ। उक्त टिप्पणी निर्णयमा जिन्सी प्रमुख राजेश ठाकुरले पेस गरी शिक्षा अधिकृत विजय अधिकारीले सिफारिस गरी प्रमुख प्रशासकीय अधिकृत प्रहलाद प्रसाद वर्णवालले सदर गरेको देखिन्छ। साथै, लागत अनुमान तयार गरी स्वीकृत गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ र ११ को प्रतिकूल रहेको समेत देखिन्छ। सोही अनुरुप बोलपत्र मूल्याङ्कनको Comparative Chart बमोजिमको बोलपत्र पेस गरेका शाह मेडिकल हल, सागरदेवी फर्मा, स्मीता इन्टरप्राईजजेको सम्वन्धमा हेर्दा यी सबै एकै घर परिवारका सदस्यहरुवाट संचालित फर्म देखिन्छ। सागरदेवी फर्माको विमलेश शाह संचालक देखिन्छ, शाह मेडिकल हल निज विमलेश शाहको बुवा केशरी प्रसाद साहको नाममा संचालन भएको देखिन्छ भने स्मीता इन्टरप्राइजेज विमलेश शाहको बहिनी स्मीता साहको नाममा संचालन भएको देखिएकोवाट एकै परिवारले राष्ट्रसेवक कर्मचारीहरुसँगको मिलोमतोमा बोलपत्र पेस गरेको तथ्य स्थापित भएको अवस्थामा विशेष अदालतबाट फैसला हुँदा खरिद प्रक्रिया कानूनसम्मत् नै भए गरेको देखिएको भनी सबै प्रतिवादीहरुलाई सफाई दिनेगरी फैसला गर्दा आ.व २०७७।०७८ मा प्रतिवादीहरुले मिलेमतो गरी खरिद प्रकृयाको शुरुवातमा नै सेनिटरी प्याड खरिदमा अस्वाभाविक मूल्यको लागत अनुमान तयार गरी गराई झुट्टा बिल भरपाईको आधारमा भुक्तानी लिए दिएको र सोही प्रकृयाबाट खरिद कार्य सम्पन्न गरेको देखिँदा देखिँदै प्रकृया पुरा गरेको भनि सफाई दिई भएको फैसला त्रुटीपुर्ण देखिँदा बदरभागी छ।<br>• प्रस्तुत मुद्दामा बोलपत्रदाताहरु मध्ये आर्थिक वर्ष ०७७।०७८ मा सेनिटरी प्याड प्रति प्याकेट रु.७८।- कवोल गरी सागर देवी फर्माले ठेक्का प्राप्त गरेको देखिएकोमा आ.व २०७८।०७९ मा उक्त सागर देवी फर्माले रु.७३.४५।- कवोल गरेको देखिन्छ। साथै DOORS GROUP OF COMPANY PVT LTD HETAUDA ले सेनिटरी प्याड प्रति प्याकेट रु.२५.५०।- कवोल गरेको देखिन्छ। कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौको च.नं.४६ मिति २०८०।०४।२९ गतेको पत्रवाट उक्त DOORS GROUP OF COMPANY PVT LTD HETAUDA को कम्पनी धनी विमलेश शाह देखिएकोमा सागर देवी फर्माको संचालक पनि एकै व्यक्ति निज विमलेश शाह देखिन्छ। उक्त तथ्य निज विमलेश शाहले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा उक्त दुवै कम्पनी। फर्मा मेरो नै हो भनी स्वीकार गरेको देखिएवाट उक्त सेनिटरी प्याडको विमलेश शाहले कवोल अंक रु.२५.६५।- हो भनी मान्न सकिने देखिँदा उक्त तथ्यवाट आ.व २०७७।७८ मा सोही सेनिटरी प्याडको मूल्य रु.७८ राखी सोही बमोजिम भुक्तानी लिएको देखिएकोबाट उक्त मूल्य अस्वभाविक रहेको प्रत्यक्ष प्रमाणबाट पुष्टी भएको अवस्थामा प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण रहेकोले बदरभागी छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • यसैगरी खरिद गर्नु पर्ने सेनिटरी प्याडको संख्याको हकमा, सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ (यसपश्चात कार्यविधी भनिएको) को दफा ३ को उपदफा (४) मा "स्थानीय तहले आफ्नो सामुदायिक विद्यालयहरुलाई शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथायाङ्कसँग भिडाई सेनिटरी प्याड खरिद गर्नुपर्ने" र सोही कार्यविधीको दफा ६ को उपदफा (४) मा "छात्राहरुलाई एउटा महिनावारी चक्रका लागि बढीमा सोह्र वटासम्म सेनिटरी प्याड उपलब्ध गराउनु पर्नेछ" भनी उल्लेख छ। कलैया उपमहानगरपालिकाको च.नं.७९२८ मिति २०७९।०२।०९ गतेको पत्रसाथ प्राप्त २८ वटा विद्यालयलाई सेनिटरी प्याड वितरणको भरपाई अनुसार कलैया उपमहानगरपालिका भरी कूल ५६६३ जाना छात्राहरु रहेकोमा कार्यविधि अनुसार एक वर्षमा ५६६३ जना विधार्थीहरुलाई जम्मा १,३५,९१२ प्याकेट सेनिटरी प्याड आवश्यक हुने देखिएकोमा सोही बमोजिम निर्धारित गुणस्तरको खरिद गर्न प्रक्रिया अवलम्बन गर्नु पर्नेमा प्रतिवादीहरुले बदनियत राखी आफूसमेतका प्रतिवादीहरुलाई लाभ र कलैया उपमहानगरपालिका समेतको सार्वजनिक संस्थालाई हानी पुऱ्याउने वदनियतले प्रति प्याकेट भ्याट बाहेक रु.७०।- (अक्षरेपी सत्तरी) र भ्याट सहित रु.७९.१।- (अक्षरेपी उनासी रुपैया एक पैसा) निर्धारण गरी गराई सोहि भ्याट सहित रु.७९.१।- को मूल्यले कूल बजेटलाई भाग लगाई कलैया उपमहानगरपालिकाले जम्मा ९६,२८० प्याकेट सेनिटरी प्याड खरिद गरेको देखिन्छ। कार्यविधि अनुसार छात्राहरुको तथ्याङ्कको आधारमा निर्धारण गर्नु पर्ने आवश्यक सेनिटरी प्याडको संख्या (data driven quantity) र कलैया उपमहानगरपालिकाले दररेटको आधारमा निकालेको आवश्यक सेनिटरी प्याडको संख्या तुलना गर्दा (cost driven quantity) कलैया उपमहानगरपालिकाका जिन्सी प्रमुख राजेश ठाकुर, शिक्षा अधिकृत विजय अधिकारी र प्रमुख प्रशासकीय अधिकृत प्रहलाद प्रसाद वर्णवालले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६१ को (ख) पलना नगरी ३९,६३२ प्याकेट कम खरिद हुने लागत इष्टिमेट तयार गरे गराएको स्पष्ट रुपमा प्रमाणित भैरहेको अवस्था छ। यसैबाट आ.व.२०७७।७८ मा कलैया उपमहानगरपालिकाका कर्मचारीहरुले ठेकेदारसँग मिलेमतो गरी अत्याधिक मूल्य तिरी ९६,२८० प्याकेट मात्र सेनिटरी प्याड खरिद गरेको कारणले कार्यविधिको दफा ६ को उपदफा (४) बमोजिम छात्राहरुलाई एउटा महिनावारी चक्रका लागि बढीमा सोह्र वटासम्म सेनिटरी प्याड उपलब्ध गराउनु पर्नेमा छात्राहरुले ७ (सात) प्याकेट सेनिटरी प्याड पाउनबाट बञ्चित भएको पुष्टी हुँदा प्रतिवादीहरुले आपसी मिलेमतोमा आरोपित कसूर गरेको पुष्टी भएकोले आरोप मागदावीबाट सफाई हुने गरी भएको फैसला त्रुटीपूर्ण रहेकोले बदरभागी छ।<br>• **अतः** माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट प्रतिवादीहरु प्रहलाद प्रसाद वर्णवाल, विजय अधिकारी, राजेश ठाकुर हजाम, दिव्या सर्राफ, सागर देवी फर्मा, हेटौंडा र विमलेश साह भन्ने विमलेश शाहलाई आरोप मागदावी बमोजिम सजाय गर्नुपर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटिपुर्ण भएकोले उक्त फैसला बदर गरि प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गरी पाउन सादर अनुरोध गरिन्छ। |